# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ९) केराबारी, पुस २९ गते,२०८२ साल (संख्या ८

# भाग – १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम केराबारी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए  बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## फलफुल खेती सहयोग टनेल निर्माण कार्यक्रम संचालन मापदण्ड, २०८२

**प्रस्तावना :** कोशी प्रदेश सरकारले चालु आ.ब. २०८२/०८३ मा शशर्त अनुदान स्वरुप फलफुल खेती सयोग टनेल निर्माण शिर्षकमा बिनियोजन भएको रु. ५०००००।- रकम बाट कार्यक्रम कार्यन्वयनका लागी आर्थिक वर्ष २०८२/८३ प्रदेश सरकार उद्योग

कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा बित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शनको शर्त २ बमोजिम कार्यक्रम कार्यान्वयनको लागी मापदण्ड बनाउनुपर्ने भएकाले सोही बमोजिम कार्यपालिका बाट यो मापदण्ड तयार गरी लागु गरिएको छ ।

१. कार्यक्रमको उद्देश्य

(क) वडा नं. ५ मा व्यावसायिक फलफुल तथा तरकारी खेती विस्तार गर्नु

(ख) मौसमजन्य जोखिम न्यूनीकरण गर्नु

(ग) कृषकको उत्पादन, उत्पादकत्व तथा आम्दानी वृद्धि गर्नु

(घ) आधुनिक कृषि प्रविधि अवलम्बन गर्न कृषकलाई प्रोत्साहित गर्नु

२. बजेट व्यवस्था

(क) **कार्यक्रम शीर्षकः** फलफुल खेती सहयोग टनेल निर्माण वडा नं. ५

(ख) **कुल बिनियोजित रकमः** रु. ५,००,००० (अक्षेरेपीः पाँच लाख रुपैयाँ मात्र)

(ग) बजेट कार्यक्रममा किसानको लागत सभागिता ५०% हुनुपर्ने

३. लाभग्राही कृषक छनौट मापदण्ड

(क) वडा नं. ५ भित्र स्थायी/अस्थायी बसोबास गर्ने कृषक

(ख) आफ्नै वा भाडामा लिएको खेतीयोग्य जमिन भएको

(ग) तरकारी/फलफुल खेतीमा संलग्न वा गर्न इच्छुक कृषक

(घ) कृषक समूह/सहकारीमा आबद्ध वा व्यक्तिगत कृषक फर्म दर्ता भएको

(ङ) विगतमा समान शीर्षकमा अनुदान नलिएको (प्राथमिकता)

**४. सहयोगको स्वरूप र दर**

(क) ट्रष्ट टनेल निर्माण

यो कार्यक्रम बाट ६*१२ मि को फलाम ट्रष्ट वा जि आई ट्रष्ट टनेल तथा त्यसमा लाग्ने प्लाष्टिक तथा अन्य जालिको व्यवस्थापन गर्नुपर्नेछ ।यसका लागि प्रति ट्रष्ट टनेल बढिमा रु.४०,०००।- अनुदान गाउँपालिकाको रहने छ भने कुल परियोजना लागतको ५०% ले हुन आउने रकम  सम्बन्धित लाभग्राहिको हुनेछ ।

(ख) फलफुल खेतीको बिस्तार तथा तरकारी खेतीको बिस्तारका लागि बुउद्देश्यिय नर्शरी स्थापना

यो कार्यक्रममा ६*१२ मि. को फलाम ट्रष्ट वा जि आई ट्रष्ट टनेल तथा त्यसमा लाग्ने प्लाष्टिक तथा अन्य जालिको व्यवस्थापन तथा नर्शरीका लागि आवश्यकता बमोजिम अन्य सामग्री खरिद गर्नुपर्नेछ । यसका लागि प्रति कार्यक्रम बढिमा रु. १,००,०००।-अनुदान गाउँपालिकाको रहनेछ भने कुल परियोजना लागतको ५०% ले हुन आउने रकम सम्बन्धित लाभग्राहिको सहभागिता हुनुपर्नेछ।

(ग) उल्लेखित बजेटको सिमा बमोजिम कार्यक्रम बाट १० वटा ट्रष्ट टनेल र १ वटा बहुउद्देश्यिय नर्शरी स्थापना गर्न सम्बन्धित वडा नं ५ का किसानले आवेदन दिन पाउने गरी १५ दिन म्याद राखी सूचना प्रकाशन गर्नुपर्नेछ।

(घ) सूचना बमोजिम कार्यक्रममा सहभागि हुन ईच्छुक तथा मापदण्ड बमोजिम लागत सहभागिता गर्न ईच्छुक केराबारी वडा नं ५ का किसान ले एक वा दुवै कार्यक्रममा आवेदन दिन सक्नेछन । कृषकले क्षमता बमोजिम १ वा १ भन्दा बढि आवश्यकता बमोजिम टनेल माग गर्न सक्नेछन ।

## ५. आवेदन प्रक्रिया

(क) गाउँपालिका मार्फत सूचना प्रकाशन गरिने

(ख) इच्छुक मापदण्डको बुदा नं ३ बमोजिम मापदण्ड पुगेका कृषकले निर्धारित ढाँचामा सम्बन्धित ५ नं वडा कार्यालयमा निवेदन पेश गर्ने

(ग) आवश्यक कागजातहरू:

- किसान परिचयपत्र को प्रतिलिपि
– कृषक समूह/सहकारी/व्यक्तिगत फर्म दर्ता प्रमाणपत्र साथै PAN प्रमाणपत्र को प्रतिलिपि
– वडाको सिफारिस

६. **छनौट तथा स्वीकृति प्रक्रिया**

(क) वडा स्तरिय अनुगमन तथा छनौट समितिद्वारा स्थलगत निरीक्षण

(ख) मापदण्ड पूरा गरेका कृषकलाई प्राथमिकताका आधारमा छनौट गरी पठाउने

(ग) गाउँपालिका बाट वडाको सिफारिस बमोजिम अनुगमन गरी अन्तिम स्वीकृति तथा लाभग्राही छनौट पश्चात कार्यक्रमका लागि संझौता ।

७. **कार्यान्वयन प्रक्रिया**

(क) स्वीकृत लाभग्राहीले तोकिएको समयभित्र टनेल निर्माण गर्नु पर्ने

(ख) निर्माण कार्य कृषि प्राविधिकको प्राविधिक सुपरिवेक्षणमा हुने

(ग) गुणस्तर मापदण्ड पालना अनिवार्य हुने

८. **भुक्तानी व्यवस्था**

(क) टनेल निर्माण सम्पन्न भएपछि मात्र भुक्तानी गरिने

(ख) स्थलगत अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी

(ग) भुक्तानी लाभग्राहीको बैंक खातामा गरिने

९. **अनुगमन तथा मूल्यांक**

(क) वडा कार्यालय, कृषि शाखा, गाउँपालिका स्तर अनुगमन समितिबाट नियमित अनुगमन

(ख) आवश्यक परे तेस्रो पक्षबाट पनि अनुगमन

(ग) कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरिने

१०. **दुरुपयोग तथा कारबाही -** गलत विवरण पेश गरी अनुदान लिएको प्रमाणित भएमा अनुदान रकम फिर्ता गराइने छ र भविष्यमा गाउँपालिकाबाट कुनै सुविधा नदिइने

**११. विविध**

(क) यस कार्यविधिमा नसमेटिएका विषयहरू प्रचलित कानुन बमोजिम हुने

(ख) मापदण्ड संशोधन गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत